जोशीपुर गाउँपालिका
JOSHIPUR RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

जोशीपुर, कैलाली
Joshipur, Kailali
सुदुरपश्चिमप्रदेश,नेपाल
SudurpashchimProvince, Nepal

## कवाडी मालसमानको निकासी पैठारी आन्तरिक आय संकलन गर्ने कार्यको शिलबन्दी दरखास्त आव्हानको सूचना ।

( प्रथम पटक प्रकाशित मिति – २०८२/०६/२२ )

जोशीपुर गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८२/०५/२३ गतेको निर्णय अनुसार आर्थिक वर्ष २०८२/०८३ का लागि गाउँपालिका क्षेत्र भित्र कवाडी मालसमानको निकासी पैठारी आन्तरिक आय संकलन गर्ने कार्य ठेक्काद्धारा गर्नुपर्ने भएकोले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि कार्यालयको वेभ-साईट www.joshipurmun.gov.np तथा राजश्व शाखाबाट प्राप्त गर्न सकिनेछ ।

तपसिल –

| क्र.सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनटम अंक रकम रु. (कर सहित) | फाराम दस्तुर | ठेक्का अवधी |
|---|---|---|---|---|---|
| १. | राजश्व १-२०८२/०८३ | कवाडी मालसामानको निकासी पैठारी आन्तरिक आय संकलन गर्ने कार्य | १,००,०००/-(एक लाख मात्र) | १,०००/- | २०८३ असार मसान्त सम्म । |

<u>ठेक्का सम्बन्धी शर्तहरु</u> –

१.शिलबन्दी दरखास्त आव्हानको सूचना प्रकाशित भएको मितिले १५ औं दिन सार्वजनिक बिदा परेकोले मिति २०८२/०७/०९ गते सम्मको कार्यालय समय भित्र राजश्व शाखामा तोकिएको रकम (पछि फिर्ता नहुने गरी ) नगद बुझाई दरखास्त फाराम खरिद गरी जोशीपुर गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा मिति २०८२/०७/११ गते १२ बजेभित्र दर्ता गरी सक्नु पर्ने छ ।

२. शिलबन्दीहरु मिति २०८२/०७/११ गते दिउँसो १ बजे जोशीपुर स्थित सरकारी कार्यालयका प्रतिनिधि र शिलबन्दी दरखास्त दाताहरुको रोहबरमा जोशीपुर गाउँपालिकाको कार्यालयमा खोलिनेछ । दरखास्त दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि शिलबन्दी दरखास्त खोल्न बाधा पर्ने छैन ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

३. शिलबन्दी दरखास्त खरिद र दाखिला गर्ने अन्तिम दिन सार्वजानिक बिदा परेमा उक्त कार्यहरु क्रमशः लगतै कार्यालय खुलेको दिनमा हुने ।

४. व्यक्तीको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र संघ, संस्थाको हकमा फर्म दर्ता प्रमाणपत्र, नविकरण, मु.अ. कर, स्थायी लेखा नं. (पान न. ) र कर चुक्ता भएको प्रमाण पत्र लगायतका सम्पुर्ण कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित भएका प्रतिलिपि संलग्न राख्नु पर्नेछ ।

५. शिलबन्दी दरखास्त खाम बाहिर ठेक्का नं., विवरण सम्बोधन गरी दरखास्त दाताको नाम र ठेगाना समेत उल्लेख गर्नु पर्ने छ ।

६. दरखास्त दाताले काबोल गरेको दररेट अंक र अक्षरमा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

७. दरखास्तदाताले गाउँपालिकाले निर्धारण गरेको न्युनतम रकमको नेपाली नागरिक भए ५ (पाँच) प्रतिशत र गैर नेपाली नागरिक भएमा १० (दश) प्रतिशत धरौती रकम यस गाउँ कार्यपालिकाको कार्यालयको नाममा एन.आई.सी. एसिया बैंक जोशीपुर शाखामा रहेको धरौती खाता नं. C३४१४९८७८१५२४००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर संलग्न राखी पेश गर्नु पर्नेछ ।

८. ठेक्का स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकम एकमुष्ट यस गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा दाखिला गरी पट्टा उठाउनु पर्नेछ ।

९. प्रचलित नियमानुसार कालो सूचीमा नपरेका र गाउँ कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा गर्नु पर्नेछ । कालो सूचीमा परेका र गाउँ कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका ब्यक्ती, फर्म तथा कम्पनीहरुको शिलबन्दी दरखास्त पत्र उपर कुनै कारबाही हुने छैन ।

१०. म्याद नाघी आएको, रीत नपुगेको शर्त राखिएको शिलबन्दी दरखास्त पत्र उपर कुनै कारबाही गरिने छैन ।

११. पेश भएको शिलबन्दी दरखास्त पत्र स्वीकृत गर्ने वा नगर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा कुनै पनि कारण जनाई वा नजनाई सूचना नै रद्ध गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसमा उल्लेख नभएको बिषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

निमित्त प्रमुख प्रशासकीय अधिकृत

१२. ठेकेदारले नेपाल सरकार तथा जोशीपुर गाउँ कार्यपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस गाँउपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

१३. पट्टापुर्जामा तोकिएको बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर, शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी कर तथा शुल्क संकलन गरेको पाईएमा नियमानुसार कारबाही गरिनेछ ।

१४. ठेकेदारले ठेक्का सम्झौता पछि यस गाउँपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन । तर बिशेष परिस्थिति विपद, महामारी जस्तामा गाउँपालिकाको नियमानुसार हुनेछ ।

१५. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनका लागि अभिन्न अंगको रुपमा मानिनेछ ।

१६. सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

१७. ठेकेदार आफैले छपाएको नगदी रसिद यस कार्यालयबाट प्रमाणित गराएर उपलब्ध गराउनु पर्नेछ ।

१८. कवाडी बस्तुहरुको दररेट जोशीपुर गाउँपालिकाको आर्थिक ऐन,२०८२ बमोजिम हुनेछ ।

मिन राज कठरिया

नि. प्रमुख प्रशासकीय अधिकृत

**निमित्त प्रमुख प्रशासकीय अधिकृत**

| कार्यालय प्रयोजनको लागि मात्र । |
|---|
| रसिद नं. – .......................... रकम रु – .......................... मिति-.......................... |

आन्तरिक आय संकलनतर्फको शिलबन्दी दरखास्त फाराम

मिति – २०८२....................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत,
जोशीपुर गाउँ कार्यपालिकाको कार्यालय,
जोशीपुर, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल ।

गाउँ कार्यपालिकाको कार्यालय जोशीपुर गाउँपालिका जोशीपुर कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

बिषय – आन्तरिक आय संकलन तर्फको शिलबन्दी दरखास्त फाराम पेश गरेको सम्बन्धमा ।

१.ठेक्का लिन चाहेको ठेक्काको नाम – कवाडी मालसमानको निकासी पैठारी आन्तरिक आय संकलन ।

२. ठेक्का संचालन हुने स्थान – जोशीपुर गाउँपालिका क्षेत्रमा ।

३. जोशीपुर गाउँपालिकाबाट तोकिएको न्युनतम अंक रु. १,००,०००/- (अक्षेरुपी एक लाख मात्र ।)

४. दरखास्त दाता आफुले ठेक्का लिन चाहेको ठेक्काको कबोल अंक रकम रु. ............................................ (अक्षेरुपी ..............................................................................................................)

५. ठेक्का लिन चाहने शिलबन्दी दरखास्त दाताको व्यक्तीगत विवरण –

क. नाम,थर (देवनागरिकमा) –

ख. नाम,थर (अंग्रेजीमा ) –

ग. नेपाली नागरिकता प्रमाणपत्र नं. - जारी गर्ने जिल्ला - जारी मिति –

घ. स्थायी ठेगाना जिल्ला- ..............................न.पा./गा.पा................................वडा नं. ........

ङ. सम्पर्क नं. –

च. दरखास्तदाताकव बाबुको नाम,थर – ..............................................अमाको नाम,थर -.........................................

छ. दरखास्तदाताको बजेको नाम,थर- ..............................................पति/पत्नीको नाम,थर - ..........................................

६. समूह वा संस्थाले ठेक्का लिन चाहेमा समूह वा संस्थाको विवरण –

क. समुह वा संस्थाको नाम - ........................................................... । ख. ठेगाना - .................................

ग. समूह वा संस्थाको फोन नं. - ....................

घ. दर्ता प्र..नं. - ....................... दर्ता प्रमाण जारी गर्ने निकाय- ......................... जारी मिति - .....................

नविकरण मिति - ......................................

ङ. समूह वा संस्थाको अध्यक्ष/प्रमुखको नाम, थर - ........................................... च. सम्पर्क नं. - ..............................

छ. पान नं. - ..................................

ज. समूह वा संस्थाको छाप - ....

७. धरौती रकम ( बुदाँ नं. ३ मा उल्लेखित न्युनतम रकमको नेपाली नागरिक भए पाँच र गैर नेपाली नागरिक भए दश प्रतिशत ) रु. ................ अक्षेरुपी ............................................ मात्र जोशीपुर गाउँपालिकाको नाममा श्री एन आई सि एसिया बैंक शाखा कार्यालय कैलालीमा रहेको खाता नं. C३४१४९८७८१५२४००१ मा जम्मा गरेको सक्कल भौचर ।

मैले यस दरखास्त फाराममा खुलाएका सम्पुर्ण विवरण सत्य हुन, ढाँटी वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजात –

-नेपाली नागरिकताको प्रमाण पत्र, संस्था दर्ताको प्रमाणपत्र, नविकरण,मु.अ.कर, स्थायी लेखा नं. (पान नं.) र आ.ब. २०८२/८३ को कर चुक्ता भएको प्रमाण पत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि ।

- कालोसूचीमा नपरेका र गाउँ कार्यपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता नभएको स्वघोषणा पत्र ।

| दरखास्तदाताको दस्तखत | |
|---|---|
| दाँया | बाँया |
| | |